नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
(सूचना प्रविधि शाखा)
केसरमहल, काठमाडौं, नेपाल

फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/४८८

मितिः २०८३/०८/०२

श्री सरोकारवाला सबै ।

विषयः सूचना तथा जानकारी वारे।

यस कार्यालयद्धारा मिति २०८३/०७/१७ गते देखि नयाँ विद्युतीय खरिद प्रणाली (e-GP System) सञ्चालनमा ल्याइको व्यहोरा विदितै छ। हाल यस प्रणालीमा बोलपत्रदाता र सार्वजनिक निकायहरुको दर्ता सार्वजनिक बिदामा समेत भइरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

साथै विद्युतीय खरिद प्रणालीबाट बोलपत्र पेश गर्दा विगतमा धेरैजसो बोलपत्रदाताले बोलपत्र दाखिला गर्ने अन्तिम समयमा बोलपत्र पेश गर्ने प्रवृत्ति रहेको देखिन्छ। अन्तिम समयमा बोलपत्र पेश गर्दा प्रणालीमा अत्याधिक चाप पर्न गई निर्धारित समयमा बोलपत्र पेश हुन नसक्ने जोखिम रहन्छ। तसर्थ प्रयास समय बाँकी रहदै विद्युतीय खरिद प्रणालीबाट बोलपत्र पेश गर्नुहुन सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ।

२०८३/०८/०२
(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत